**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः ३०५

मितिः २०८२/०५/१९

समयः दिनको १:०० बजे

प्रारम्भः दिनको १:०० बजे

अन्त्यः दिनको ३:०० बजे

**छलफल एवं निर्णयः**

१. समितिको आज मिति २०८२/०५/१९ गते बिहीबार बसेको बैठकमा आ.व. २०८२/०८३ को वार्षिक कार्ययोजनाको मस्यौदामाथि छलफल भइ माननीयहरुको सुझाव समेत समावेश गरी पारित गरियो।

२. मिति २०८२/०४/२० देखि २२ सम्म लुम्बिनी प्रदेश अन्तर्गत भएका छलफल /अन्तरक्रिया/ एवं स्थलगत अनुगमनको प्रतिवेदनको मस्यौदामाथि छलफल भइ माननीयहरुको सुझाव समेत समावेश गरी पारित गरियो।

सुझावहरुः

- वन क्षेत्रमा अबौं मूल्यको काठ कुहिरहेको तर विदेशबाट काठ आयात गर्नुपर्ने अवस्थाको अन्त्य गर्न वनसम्बन्धी नीतिमा समयानुकूल परिमार्जन गर्नुपर्ने
- राजनीतिक दलसम्बन्धी ऐनलाई संशोधन गरेर दलहरुलाई पनि संघीय ढाँचामा लैजानुपर्ने
- ७५३ वटा सरकार बिच फरक फरक धारणा बन्ने प्रवृतिको अन्त्यका लागि संघीयता सबलीकरणमा जोड दिनुपर्ने
- मुलुक संघीयतामा गइसकेतापनि आवश्यक कानुन नबन्दा जिल्लाका संरचनाहरु यथावत रहिरहेको देखिएकोले त्यस्ता कार्यालय/संरचनाहरुको सम्बन्धमा पुनरावलोकन गर्नुपर्ने
- संघीय निजामती ऐन, प्रहरी समायोजन सम्बन्धी ऐन, भूमि सम्बन्धी ऐन, शिक्षा ऐन जस्ता महत्वपूर्ण कानुनलाई यथाशीघ्र टुङ्ग्याउनुपर्ने
- संघले कर्मचारीको सरुवा प्रणाली र वृत्ति विकासलाई अनुमानयोग्य बनाउनुपर्ने
- प्रदेशमा समायोजन भएर जाने कर्मचारीको अभिलेख (सिटरोल) राख्ने पहुँच (Access) नभएकोले तलब कति दिने भन्ने प्रष्ट नहुँदा तलबी प्रतिवेदन पास हुनमा समस्या परेको लगायतका गम्भीर समस्याको शीघ्र समाधान गर्नुपर्ने

- पवित्र धार्मिकस्थल स्वर्गद्वारी मन्दिरको व्यवस्थापनमा सम्बन्धित पालिकाहरुको बिचमा समन्वयमा सरोकारवाला निकायले ध्यान दिनुपर्ने
- सार्वजनिक भवन निर्माणको लागि सार्वजनिक जग्गा प्राप्तिमा रहेको समस्या समाधान गर्नुपर्ने
- स्वर्गद्वारीको धरमपानीमा सुविधायुक्त १००० जना सम्म अट्ने संरचना/धर्मशाला तयार हुन लागेको आश्रमको लागि बजेटको अभावले काम रोकिएको देखिएकोले आवश्यक बजेटको विनियोजन गरी सहजीकरण गर्नुपर्ने
- कानुनको विज्ञ नहुँदा स्थानीय तहमा कानुन निर्माणमा समस्या हुने गरेको देखिएकोले स्थानीय तहमा कानुनको विज्ञको व्यवस्था हुनुपर्ने
- प्रदेश सभामा जाने समानीकरण अनुदानको आर्थिक वर्षको अन्तिममा आएर कटौती हुँदा भुक्तानीमा अफ्ठ्यारो पर्ने गरेको पाइएकोले यसमा पुनर्विचार गर्नुपर्ने
- क्रसर उद्योग सञ्चालनको स्पष्ट मापदण्ड तय गर्नुपर्ने
- उखु किसानको समस्याको दिर्घकालीन समाधान हुनुपर्ने ।

३. समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति